**आकाशवाणी समाचार- नेपाली**

मितिः २० दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

• प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्लीस्थित केन्द्रीय मन्त्री जर्ज कुरियनको निवासमा हिजो आयोजित क्रिसमस समारोहमा सहभागी हुनुभयो।

• भारतीय जनता पार्टीको शिकायतका आधारमा दिल्ली पुलिसले कांग्रेस नेता राहुल गान्धीविरुद्ध एफआइआर दर्ता गरेको छ।

• लोकसभा अध्यक्ष ओम बिरलाले कुनै पनि राजनीतिक दल, सांसद वा सांसदहरूको समूहले संसद भवनको कुनैपनि गेटमा विरोध वा प्रदर्शन नगर्न कडा निर्देशन दिनुभएको छ।

• सशस्त्र सीमा बलको स्थापना दिवस समारोहमा सहभागी बन्न केन्द्रीय गृहमन्त्री अमित शाह सिलिगुडी आइपुगनु भएको छ।

• वेस्ट इन्डिज बिरुद्दको महिला टी–२० क्रिकेटमा भारतले तेस्रो तथा अन्तिम खेलमा वेस्ट इन्डिजलाई ६० रनले पराजित गर्दै सिरिज २–१ ले जितेको छ।

**प्रधानमंत्री -क्रिसमस**

प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्लीस्थित केन्द्रीय मन्त्री जर्ज कुरियनको निवासमा हिजो आयोजित क्रिसमस समारोहमा सहभागी हुनुभयो। श्री मोदीले उक्त अवसरमा उपस्थित इसाई समुदायका धैरै सदस्यसँग बातचीत गर्नुभयो।

****** ० ******

**दिल्ली पुलिस-राहुल एफआईआर**

भारतीय जनता पार्टीको शिकायतका आधारमा दिल्ली पुलिसले कांग्रेस नेता राहुल गान्धीविरुद्ध एफआइआर दर्ता गरेको छ। दिल्ली पुलिसले एक विज्ञप्ति जारी गर्दै भारतीय दण्ड संहिताको धारा १०९ मात्र हटाएको र अन्य सबै धारा शिकायतमा उल्लेख भएजस्तै भएको जनाएको छ। भाजपाका सांसद अनुराग सिंह ठाकुर तथा सांसदहरू बाँसुरी स्वराज र हेमाङ्ग जोशीले कांग्रेस नेता तथा लोकसभामा विपक्षका नेता राहुल गान्धीविरुद्ध धारा १०९ (हत्याको प्रयास), ११५ (जानीबुझी गम्भीर चोट पुरयाउने), ११७, १२५, १३१ र ३५१ अन्तर्गत संसद मार्ग पुलिस स्टेशनमा मुद्दा दायर गरेका छन्।

बाइट

यसैबीच, कांग्रेस सांसदहरूको एक प्रतिनिधिमण्डल पनि थानामा पुगी भाजपाविरुद्ध जवाबी शिकायत दर्ता गरेको छ।

****** ० ******

**लोकसभा अध्यक्ष निर्देश**

लोकसभा अध्यक्ष ओम बिरलाले कुनै पनि राजनीतिक दल, सांसद वा सांसदहरूको समूहले संसद भवनको कुनै पनि भवनको गेटमा कुनै पनि विरोध वा प्रदर्शन नगर्न कडा निर्देशन दिनुभएको छ। संसद परिसरमा हिजो भएको विरोध प्रदर्शनका क्रममा कांग्रेस र भाजपाका सांसदले एकअर्कालाई गेटमा धकेलेर घाइते भएको र अस्पताल भर्ना भएको घटनापछि यो निर्देशन आएको हो।

****** ० ******

**उपराष्ट्रपति संबोधन**

उपसभापति जगदीप धनखड़ले संवाद, बहस र छलफलको केन्द्र नबने संसद् असान्दर्भिक हुने बताउनु भएको छ भने यस्तो गिरावटले देशको लोकतान्त्रिक मूल्यमान्यतामा गम्भीर खतरा उत्पन्न हुने बताउनु भयो। नयाँ दिल्लीको संसद भवन परिसरमा भारतीय वन सेवाका प्रशिक्षारथीहरुलाई सम्बोधन गर्दै उपराष्ट्रपतिले यस्तो उल्ल्लेख गर्नुभएको हो।

****** ० ******

**शिवराज सिंह**

भारतीय जनता पार्टीले कांग्रेस नेता राहुल गान्धीले संसद परिसरमा एनडीएका सांसदहरूसँग दुर्व्यवहार गरेको आरोप लगाएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री शिवराज सिंह चौहानले विपक्षी दलका नेता राहुल गान्धीले भाजपाका दुई सांसदलाई घाइते बनाएको आरोप लगाउनु भएको छ।

****** ० ******

**परीक्षा पर चर्चा**

प्रधानमन्त्री नरेन्द्र मोदीको अद्वितीय अन्तरक्रियात्मक कार्यक्रम 'परीक्षा पे चर्चा' को आठौं संस्करण आगामी महिनामा हुने भएको छ। यस कार्यक्रमका लागि माईगभ पोर्टलमा पंजीकरण सुरु भइसकेको छ र जनवरी १४ सम्म जारी रहनेछ। यस कार्यक्रमको उद्देश्य परीक्षाको तनाव कम गर्नुका साथै विद्यार्थी, शिक्षक र अभिभावकलाई उत्सवको रूपमा मनाउन प्रोत्साहित गर्नु हो। शिक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै कक्षा ६ देखि १२ सम्मका विद्यार्थी र शिक्षक तथा अभिभावकका लागि बहुविकल्पीय क्विज प्रतियोगिताको तयारी गरिएको जनाएको छ। रजिस्ट्रेसनको क्रममा विद्यार्थीले आफूले चाहेको प्रश्न प्रधानमन्त्रीसमक्ष पेश गर्न सक्छन् तर यी प्रश्नहरु परीक्षाको तनाव, करियर र जीवनको भविष्यको आकांक्षामा आधारित हुनुपर्छ।

****** ० ******

**अमित शाह जम्मू कश्मीर बैठक**

गृहमन्त्री अमित शाहले नयाँ दिल्लीमा जम्मु कश्मीरको स्थितिको बारेमा उच्चस्तरीय सुरक्षा बैठकको अध्यक्षता गर्नुभयो। यस बैठकको उद्देश्य जम्मू र कश्मीरमा शान्ति र स्थिरता सुनिश्चित गर्ने रणनीतिहरूको समीक्षा गर्नु थियो। बैठकमा जम्मु काश्मिरका उपराज्यपाल मनोज सिन्हा, केन्द्रीय गृह सचिव गोविन्द मोहन, सेनाप्रमुख जनरल उपेन्द्र द्विवेदी, राष्ट्रिय अनुसन्धान एजेन्सीका महानिर्देशक सदानन्द दाते र सीमा सुरक्षा बलका प्रमुख दलजीत सिंह चौधरी सहभागी थिए।

****** ० ******

**उपसभापति हरिवंश**

राज्यसभाका उपसभापति हरिवंशले सभापति जगदीप धनखड़ विरुद्धको अविश्वास प्रस्ताव अस्वीकार गर्नुभएको छ। अध्यक्षले पक्षपातपूर्ण ढङ्गले काम गरेको आरोप लगाउँदै विपक्षी दलले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए। उपसभापतिले यसलाई अनुचित, गम्भीर त्रुटिपूर्ण र हतारमा अध्यक्षको प्रतिष्ठामा आँच पुरयाउने कदम भएको बताउनु भयो।

****** ० ******

**हाई कोर्ट-लोकसभा मुंबई सीट**

बॉम्बे हाई कोर्टले शिव सेना–शिन्दे समूहका सांसद रविन्द्र वाइकरले लोकसभा चुनावमा आफ्ना प्रतिद्वन्द्वी शिवसेना–यूबीटी उम्मेदवार अमोल कीर्तिकरमाथि झिनो जित हासिल गरेको तथ्यलाई चुनौती गर्दै वाइकरको विजयलाई चुनौती दिने कीर्तिकरको याचिका खारेज गरिदिएको छ। यी दुवैले मुम्बई उत्तर–पश्चिम निर्वाचन क्षेत्रबाट चुनाव लडेका थिए जहाँ वाइकरले ४८ मतको झिनो अन्तरले विजय हासिल गरेका थिए।

****** ० ******

**छत्तीसगढ**

छत्तीसगढको राजधानी रायपुर, अम्बिकापुर र बिलासपुरबीच हिजोदेखि हवाई सेवा सुरु भएको छ। मुख्यमन्त्री विष्णु देब साईले रायपुरस्थित स्वामी विवेकानन्द विमानस्थलबाट उडान सेवाको शुभारम्भ गर्नुभयो। सो अवसरमा बोल्दै मुख्यमन्त्रीले यस हवाई सेवाको सुरुवातले राज्यलाई ठूलो फाइदा पुग्ने बताउनु भयो।

****** ० ******

**मुंबई कस्टम-सोना जब्त**

मुंबई कस्टम विभागले मुम्बईको छत्रपति शिवाजी महाराज अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई किलोभन्दा अद्धिक सुनसहित दुई जनालाई प्रकाउ गरेको छ। बुधबार र बिहीबार गरी दुई छुट्टाछुट्टै मुद्दामा करिब डेढ करोड मूल्य बराबरको दुई किलोभन्दा अधिक सुन बरामद भएको छ।बुधबार भएको पहिलो घटनामा विमानस्थलका एक कर्मचारीले कालो मोजाभित्र लुकाएर राखिएको अण्डाकार आकारका तीनवटा क्याप्सुल पाएका थिए। भन्सार अधिकारीहरूले निरीक्षण गर्दा उक्त क्याप्सुलमा २४ क्यारेट सुनको धूलो मोममा बेरिएको र १.३६३ किलोग्राम तौल भएको र यसको मूल्य ९६ लाख रुपैयाँ रहेको पत्ता लगाएका थिए। यसैगरी हिजो अर्को घटनामा भन्सार अधिकारीहरूले जेद्दाहबाट आउँदै गरेका एक यात्रुलाई रोकेका थिए। जाचको क्रममा यात्रु आफ्नो शरीरमा मोमले बेरिएको सुनको धूलो बोकेको अवस्थामा फेला परेका थिए।

****** ० ******

**एनटीपीसी-रतनगिरी-जल प्रमाणन**

नेशनल थर्मल पावर कर्पोरेशन-एनटीपीसीको महाराष्ट्र रत्नागिरि ग्यास एण्ड पावर प्रा.लि., टाउनशिपले प्रतिष्ठित भारतीय ग्रीन बिल्डिंग काउंसिल नेट जीरो वाटर प्रमाणन प्राप्त गर्ने भारतको पहिलो टाउनशिप बनेर ऐतिहासिक उपलब्धि हासिल गरेको छ। आरजीपीपीएल रत्नागिरि, एनटीपीसी पश्चिमी क्षेत्र -१ को एक भागले दिगो जल स्रोत व्यवस्थापनमा असाधारण प्रयासहरू प्रदर्शन गरेको छ जसमा वर्षाको पानी संचय, कुशल अपशिष्ट जल पुनर्चक्रण र नवीन प्रविधिहरू मार्फत पानीको खपत कम गर्नु समावेश छ।

****** ० ******

**नाइजीरिया-भगदड़ मरे**

नाइजेरियाको दक्षिणपश्चिमी शहर इबादानस्थित एक विद्यालयको क्रिसमस फनफेयर कार्यक्रममा भागदौड मच्चिँदा कम्तीमा ३५ जना बालबालिकाको मृत्यु भएको पुलिसले जनाएको छ भने अन्य ६ जना गम्भीर घाइते भएक छन। भागदौड मच्चिँदा ठूलो संख्यामा मानिसहरू नगद पुरस्कार र खानाका लागि जम्मा भएका थिए। मिडिया रिपोर्टका अनुसार लगभग ५,००० बालबालिकाहरू कार्यक्रम स्थलमा थिए र मुख्य आयोजकहरू कार्यक्रम सुरु गर्न आइपुग्दा अफरा-तफरी मच्चीएको थियो। यसैबीच कार्यक्रमका मुख्य आयोजक तथा मुख्य प्रायोजक नाओमी सिलेकुनोला सहित ८० जनालाई पुलिसले पक्राउ गरेको छ। अर्कोतिर राष्ट्रपति बोला टिनुबुले मृतकका परिवारप्रति समवेदना प्रकट गर्दै घटनाको पूर्ण अनुसन्धान गर्न आदेश दिनुभएको छ।

****** ० ******

**महिला क्रिकेट टी-20**

वेस्ट इन्डिज बिरुद्दको महिला टी–२० क्रिकेटमा भारतले तेस्रो तथा अन्तिम खेलमा वेस्ट इन्डिजलाई ६० रनले पराजित गर्दै सिरिज २–१ ले जितेको छ। नवी मुम्बईको डीवाई स्टेडियममा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको भारतले महिला टी–२० क्रिकेटमा अहिलेसम्मकै उच्च स्कोर २० ओभरमा चार विकेट गुमाएर २१७ रन बनायो। स्मृति मंधानाले ४७ बलमा ७७ रन र ऋचा घोषले २१ बलमा ५४ रन बनाए। यसअघि ऋचा घोषले महिला टी–२० मा सबैभन्दा छिटो अर्धशतक बनाउने विश्व कीर्तिमानको बराबरी गरेकी थिइन्। उनले १८ बलमा ५० रन बनाइन। जवाबमा वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १५७ रन मात्र बनाउन सक्यो। भारतका लागि राधा यादवले ४ विकेट लिइन्।

****** ० ******